# .................. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

प्रधान कार्यालय .................. काठमाण्डौ

## म्यादी लघु जीवन बीमालेख

अनुसूचीमा उल्लेख भएको जीवन बीमा प्रस्तावलाई यस करारको आधार मान्ने गरी .......लाइफ इन्स्योरेन्स कम्पनी लि. (यसपछि बीमक भनिएको) ले प्राप्त गरेको र यस अनुसूचीमा उल्लेख गरे बमोजिम **एकल** बीमाशुल्क भुक्तानी प्राप्त भएको हुनाले :

बीमाशुल्क भुक्तानी गरेवापत यस करारको बन्देज र जुन घटना घटेमा भुक्तानी दिने भनिएको हो सो घटनाको सत्यता र सो भुक्तानी पाउने व्यक्तिको कानूनी अधिकार तथा बीमितको उमेर सम्बन्धमा बीमकले स्वीकार गरेको प्रमाणको अधिनमा रही यस बीमालेख बमोजिम भुक्तानी पाउने रकम वीमकले आफ्नो कार्यालयमा भुक्तानी दिनेछ ।

यस बीमालेखमा संलग्न अनुसूची, लाभको तालिका, परिभाषा र शर्तहरु यस करारको अंग मानिने छ ।

| **अनुसूची** | |
|---|---|
| कार्यालय : | बीमा अभिकर्ता इजाजत पत्र नं. : |
| बीमा अबधि : | बीमालेख नम्वर : |
| बीमितको<br>नाम थर :<br>ठेगाना : अञ्चल........................जिल्ला..................<br>न.पा./गा.वि.स. ......................वडा नं.......<br>टोल......................फोन नं.............................. | बीमाङ्क रकम अंकमा : **अनुसूचीमा उल्लेखित बीमाङ्क रकम**<br>बीमाशुल्क रकम :<br>बीमा प्रारम्भ मिति :<br>बीमा समाप्ति हुने मिति : |
| इच्छाइएको व्यक्तिको<br>नाम थर :<br>नाता :<br>ठेगाना : अञ्चल......................जिल्ला..................<br>न.पा./गा.वि.स. ....................वडा नं.......<br>टोल......................फोन नं.......................... | बीमितको जन्म मिति :<br>संलग्न उमेर खुल्ने प्रमाण : कागजातको नं. :<br>प्रस्ताव मिति :<br>प्रथम बीमा शुल्क रसिद नं. : मिति : |
| **बीमालेख अन्तर्गत प्रदान गरिने सुबिधा :**<br>यो बीमालेख कायम रहेको अवधि भित्र बीमितलाई भएको शारीरिक क्षतिमा यसै बीमालेखको सुबिधाको तालिकामा उल्लेख भए बमोजिमको रकम बीमकले भुक्तानी दिनेछ । | |
| **भुक्तानी पाउने व्यक्ति :**<br>जीवित भए स्वयंम बीमित, सो नभएमा बीमितले इच्छाएको व्यक्ति, सो नभएमा बीमा ऐन २०४९ को दफा ३८ अनुसारको बीमितको आश्रित व्यक्ति यस बीमालेख अन्तर्गत भुक्तानी पाउने व्यक्ति हुनेछ । | |

अधिकार प्राप्त अधिकारीको हस्ताक्षर : कार्यालयको छाँप :

नाम :

पद :

मिति :

### सामान्य शर्तहरु

१. बीमा शुल्क मासिक/त्रैमासिक/अर्धबार्षिक/बार्षिक रुपमा भुक्तानी गर्न सकिने छ ।

२. नेपाली नागरिकताको प्रमाण पत्र वा नेपाल सरकारले जारी गरेको फोटो सहितको नागरिकता नम्बर खुल्ने आधिकारिक परिचय पत्रलाई उमेर सम्बन्धी प्रमाणको रुपमा स्वीकार गरिनेछ ।

३. यस बीमालेख अन्तर्गत कुनै पनि चुक्ता मुल्य, समर्पण मुल्य तथा कर्जा उपलब्ध हुने छैन ।

४. यदि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा निम्न लिखित जुन सुकै कारणबाट बीमितको मृत्यु वा अपाङ्गता वा अंग भंग भएमा बीमकले कुनै पनि दायित्व वहन गर्नेछैन ।

क) कानून बमोजिम अनुमति पाएको हवाई जहाजमा उडान गर्दा बाहेक अन्य उडान गर्दा ।

ख) कानूनको वर्खिलाप हुने गरी कुनै युद्ध जस्ता कार्य (युद्ध घोषित होस् वा नहोस्) मा संलग्न भएमा ।

ग) नागरिक वा जंगी ऐन भंग गरेमा ।

घ) जानीजानी आफै घात वा आत्महत्या गरेमा ।

उपरोक्त जोखिमहरु बाहेक यस बीमालेखले विदेशमा प्रवास, यात्रा वा पेशा गर्न कुनै बाधा पु-याउने छैन ।

## सुबिधाको तालिका

| खण्ड | घटना | सुविधा |
|---|---|---|
| **१** | यस बीमालेखको बीमा अवधिभित्र जुनसुकै कारणबाट (बीमालेख अन्तर्गत नपर्ने जोखिमहरु बाहेक) बीमितको मृत्यु/दुर्घटना भएमा बीमकले देहाय बमोजिमको रकम भुक्तानी दिनेछ । | |
| (क) | मृत्यु भएमा | **अनुसूचीमा उल्लेखित बीमाङ्क रकम ।** |
| (ख) | दाह संस्कार खर्च | रू.१०,०००।- (दश हजार मात्र) |
| **२** | यस बीमालेखको बीमा अवधिभित्र दुर्घटनाको कारणबाट बीमितलाई देहाय बमोजिम भएमा बीमकले देहाय बमोजिमको रकम भुक्तानी दिनेछ । | |
| (क) | अ) स्थायी पूर्ण अशक्तता भएमा, वा<br>आ) निको नहुने गरी दुवै आँखाको दृष्टि पूर्ण क्षति भएमा, वा<br>इ) दुवै हातको नाडी वा दुवै खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि शारीरिक रुपले काम नलाग्ने भएमा, वा<br>ई) एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि र एउटा आँखाको दृष्टि पूर्ण रुपले क्षति भएमा | **अनुसूचीमा उल्लेखित बीमाङ्क रकम ।** |
| (ख) | अ) एउटा आँखाको दृष्टि पूर्ण रुपले क्षति भएमा, वा<br>आ) एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि शारीरिक रुपले काम नलाग्ने गरी क्षति भएमा, वा<br>इ) वोल्ने क्षमता पूर्ण रुपले क्षति भएमा वा<br>ई) दुवै कानको सुन्ने शक्ति पूर्ण रुपले क्षति भएमा | **अनुसूचीमा उल्लेखित बीमाङ्कको ५० प्रतिशत ।** |
| | उ) एउटा कानको सुन्ने शक्ति पूर्ण रुपले क्षति भएमा | **अनुसूचीमा उल्लेखित बीमाङ्कको २० प्रतिशत ।** |
| | ऊ) हातको बुढी औंलाको पूर्ण रुपले क्षति भएमा | |
| | ए) हातको चोरी औंलाको पूर्ण रुपले क्षति भएमा | **अनुसूचीमा उल्लेखित बीमाङ्कको १५ प्रतिशत ।** |
| | ऐ) हातको अरु कुनै औंलाको पूर्ण रुपले क्षति भएमा | **अनुसूचीमा उल्लेखित बीमाङ्कको ७ प्रतिशत ।** |
| | ओ) खुट्टाको बुढी औंलाको पूर्ण रुपले क्षति भएमा | **अनुसूचीमा उल्लेखित बीमाङ्कको ५ प्रतिशत ।** |
| | औ) खुट्टाको अरु कुनै औंलाको पूर्ण रुपले क्षति भएमा | **अनुसूचीमा उल्लेखित बीमाङ्कको ४ प्रतिशत ।** |
| खण्ड (२) उल्लिखित घटनाहरु मध्ये एक भन्दा बढि घटना भएमा बीमकको दायित्व प्रत्येक घटनाको लागि निर्धारित रकमको योगफल बराबर हुनेछ तर बीमकले भुक्तानी गर्ने रकम **अनुसूचीमा उल्लेखित बीमाङ्क** भन्दा बढि हुने छैन । **(दाह संस्कार खर्च बाहेक)** | | |

### परिभाषा

यस बीमालेखमा जहाँसुकै प्रयोग भएको भएतापनि देहायका शब्दहरुको परिभाषा देहाय बमोजिम हुनेछ :

१. **दुर्घटना** : "दुर्घटना" भन्नाले वाहिरी, आंखाले स्पष्ट देख्न सकिने, सांघातिक, आकस्मिक र अप्रत्यासित घटना सम्झनु पर्छ ।

२. **स्थायी पूर्ण अशक्तता** : "स्थायी पूर्ण अशक्तता " भन्नाले बीमित आय वा मुनाफा आर्जन गर्ने कुनै पनि व्यवसाय वा पेशा गर्न सधैको लागि असमर्थ भएको अवस्था सम्झनु पर्छ । भविष्यमा निको हुने वा नहुनेमा एकिन हुन नसकिने अवस्थामा दुर्घटना घटेको मितिदेखि ३६५ दिनसम्म बीमित स्थायी पूर्ण अशक्त रहेमा निज सधैको लागि स्थायी पूर्ण अशक्त मानिनेछ ।

३. **निको नहुने गरी आँखाको दृष्टि पूर्ण रुपले क्षति** : "निको नहुने गरी आँखाको दृष्टि पूर्ण रुपले क्षति" भन्नाले नेत्र विज्ञान (Ophthalmology) मा विशेषज्ञता प्राप्त गरेको इजाजत प्राप्त चिकित्सकद्वारा निको नहुने भनि प्रमाणित गरिएको आँखाको दृष्टि पूर्ण रुपले क्षति भएको सम्झनु पर्छ । भविष्यमा निको हुने वा नहुनेमा एकिन हुन नसकिने अवस्थामा घटना घटेको मितिदेखि ३६५ दिनसम्म बीमितको दृष्टि शक्ति पूर्ण रुपले क्षति भएको अवस्था कायम रहेमा निजको निको नहुने गरी आँखाको दृष्टि पूर्ण रुपले क्षति भएको मानिनेछ ।

४. **शारीरिक रुपले काम नलाग्ने** : "शारीरिक रुपले काम नलाग्ने" भन्नाले चोटपटक लागेको अंगको सम्बन्धमा उक्त विषयमा विशेषज्ञता प्राप्त गरेको इजाजत प्राप्त चिकित्सकद्वारा प्रमाणित गरिएको अंगको उपयोगको पूर्ण ह्रास वा पूर्ण स्थायी क्षतिलाई सम्झनु पर्छ । भविष्यमा निको हुने वा नहुनेमा एकिन हुन नसकिने अवस्थामा चोटपटक लागेको मितिदेखि ३६५ दिनसम्म बीमितको कुनै अंग शारीरिक रुपले काम नलाग्ने भएको अवस्था कायम रहेमा निजको उक्त अंग सधैको लागि शारीरिक रुपले काम नलाग्ने भएको मानिनेछ ।

५. **अन्य कुनै अंगभंग** : "अन्य कुनै अंगभंग" भन्नाले यस बीमालेखको सुविधाको तालिकाको खण्ड (२) को बुँदा नं. (ख) मा उल्लेख भएका वाहेक अन्य अंगमा चोटपटक लागि सो चोटपटक लागेको अंगको सम्बन्धमा उक्त विषयमा विशेषज्ञता प्राप्त गरेको इजाजत प्राप्त चिकित्सकद्वारा प्रमाणित गरिएको अंगको उपयोगको पूर्ण ह्रास वा पूर्ण स्थायी क्षतिलाई सम्झनु पर्छ । भविश्यमा निको हुने वा नहुनेमा एकिन हुन नसकिने अवस्थामा चोटपटक लागेको मिति देखि ३६५ दिनसम्म बीमितको कुनै अंग शारीरिक रुपले काम नलाग्ने भएको अवस्था कायम रहेमा निजको उक्त अंग सधैको लागि अंगभंग भएको मानिनेछ ।

### दावी प्रकृया

**देहायका कागजातहरु बीमक समक्ष पेस गर्नु पर्नेछ :**

**१) सक्कल बीमालेख**

**२) पूर्ण रुपले भरिएको दाबी फाराम,**

**३) गा.वि.स./न.पा./वडा/को सर्जमिन मुचुल्का**

**४) नाता प्रमाणीत**

**५) मृत्यु दर्ता प्रमाणपत्र**

**६) चिकित्सकद्वारा प्रमाणित गरिएको (स्थायी पूर्ण अशक्तता भएमा)**

**यस बीमालेख अन्तर्गत कुनै विवाद उत्पन्न भएमा बीमा ऐन, २०४९ बमोजिम हुनेछ ।**

**द्रष्टव्य:** बीमालेख अन्तर्गत कुनै घट्ना घटेमा बीमित आफैले वा बीमितका प्रतिनिधीले यथासक्य छिटो बीमक वा बीमकका प्रतिनिधी समक्ष टेलिफोनबाट जानकारी गराउनुपर्छ ।